# फिक्कल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खाङ्साङ् , सिन्धुली

पत्र संख्या:- ०७४।०७५
चलानी नं.:- ११६८

३ नं. प्रदेश, नेपाल
मितिः- २०७६।०१।१०

**शिक्षक तथा सहायक कर्मचारी आवश्यकता सम्वन्धी सूचना ।**

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७६/०१/१०

यस गाउँपालिका अन्तरगतका विभिन्न सामुदायिक विद्यालयहरुमा रिक्त तपसिलमा उल्लेखित शिक्षक र विद्यालय सहयोगी कर्मचारी पदहरु करारद्वारा पदपूर्ति गर्नुपर्ने हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा रितपूर्वकको दरखास्त दिन आव्हान गरिन्छ ।

**तपसिल**

**१.आवश्यक पदहरु:**

| क्र.सं. | विज्ञापन नं. | पद | विषय | आवश्यक पद संख्या | न्यूनतम योग्यता | दरखास्त शुल्क | पदपुर्ति हुने विद्धालय |
|---|---|---|---|---|---|---|---|
| १. | १७/०७५/०७६ | शिक्षक | कम्प्युटर | २(दुई) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा (+२) उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर कोर्ष पुरा गरेको। | ५०० | श्री निमावि भिरगाउँ, फिक्कल -६<br>श्री निमावि जाङजाङ, फिक्कल -५ |
| २. | १८/०७५/०७६ | विद्धालय सहयोगी | - | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट १० कक्षा उत्तीर्ण गरेको। | ५०० | श्री जनता आधारभुत विद्धालय, भिरगाउँ |

**२.उमेर:** माथि उल्लेखित सबै पदहरुका लागि दरखास्त दिने अन्तिम मितिसम्म १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको हुनुपर्नेछ ।

३.दरखास्तसाथ संलग्न हुनुपर्ने कागजातहरुः एस.एल.सी.देखि सोभन्दा माथि सम्बन्धित तहका शैक्षिक योग्यताका प्रमाण पत्रहरु, चारीत्रिक प्रमाणपत्र नेपाली नागरिकताको प्रमाण पत्र, व्यक्तिगत विवरण (बायोडाटा) र पासपोर्ट साइजको फोटो २ प्रति र दरखास्त दस्तुर बुझाएको नगदी रसिदको प्रतिलिपी।

**४.** .दरखास्त दिने अन्तिम म्यादः सूचना प्रकाशित मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समयभित्र, सो दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट कार्यालय समय भित्र ।

५..सम्पर्क मितिः दरखास्त दिने अन्तिम म्यादको भोलिपल्ट ।

**६.** परीक्षाको किसिमः लिखित, अन्तर्वार्ता र पदपूर्ति समितिले आवश्यक ठानेमा प्रयोगात्मक परीक्षा समेत हुनेछ। तर कम्प्युटर शिक्षकको लागि लिखित मौखिकका साथै प्रयोगात्मक परीक्षा अनिवार्य हुनेछ।

**७..परीक्षा मिति र स्थानः** लिखित परीक्षा मिति २०७६।०१।२६ गते विहान ७ बजे, फिक्कल गाउँ कार्यपालिकाको कार्यालय।

८..परीक्षाको पाठ्यक्रमः सम्वन्धित तह र बिषयसँग सम्वन्धित हुने ।

# फिक्कल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खाङ्साङ् , सिन्धुली

पत्र संख्या:- ०७४।०७५ ३ नं. प्रदेश, नेपाल

चलानी नं.:- ११६४ मिति:- २०७६।०१।१०

९..तलब स्केल: कम्प्युटर शिक्षकको लागि मासिक रु. १५०००।- (पन्ध्र हजार) र विद्धालय सहयोगीको लागि मासिक रु.४००० / ४५००।- (कक्षा ३ सम्म संचालित विद्धालयमा रु ४००० र कक्षा ५ सम्म संचालित विद्धालयमा रु ४५००।- )

१०. माथि उल्लेखित पदहरुमध्ये विद्धालय सहयोगी पदका लागि सम्बन्धित वडावासी र अन्य पदहरुका लागि न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो योग्यता हासिल गरेका, अनुभवी, महिला, दलित र अपाङ्गता भएका स्थानीय व्यक्तिलाई विशेष ग्राह्यता दिईनेछ ।

११. दरखास्त फाराम फिक्कल गाउँपालिकाको वेभसाईट www.phikkalmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

दीपक रिजाल
प्रमुख प्रशासकीय अधिकृत